11th of February 2026 (Wednesday)

आकाशवाणी

मुख्य समाचार

- उपराष्ट्रपति, प्रधानमन्त्री तथा अन्य पदाधिकारीहरूले पण्डित दीनदयाल उपाध्यायको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण ।।
- असम भ्रमणमा प्रधानमन्त्री मोदी, सेतु उद्घाटनदेखि डेटा सेन्टरसम्मका ठूला परियोजनाको शुभारम्भ।।
- प्रधानमन्त्री मोदीले क्यानडामा भएको भीषण गोलीकाण्डप्रति गहिरो दुःख व्यक्त गर्नु भयेको छ ।।
- एमएसएमईलाई विश्व बजारमा पुऱ्याउने सरकारको लक्ष्य।।

  अनी
- विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले ब्रिक्स २०२६ का शेरपाहरू तथा विभिन्न देशका प्रतिनिधिहरूसँग छलफल गरे।।

----------

दीनदयाल उपाध्यायको पुण्यतिथि

उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह तथा लोकसभा अध्यक्ष ओम बिर्लाले पण्डित दीनदयाल उपाध्यायको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भयेको छ। उहाँहरूले पण्डित दीनदयाल उपाध्यायलाई दूरदर्शी चिन्तक र राष्ट्रनिर्माता भन्दै स्मरण गर्दै उनका समग्र मानववाद, अन्त्योदय, आत्मनिर्भरता तथा नैतिक सार्वजनिक जीवनसम्बन्धी दर्शन भारतको विकसित भारततर्फको यात्रामा आज पनि सान्दर्भिक रहेको बताउनु भयो।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदी शनिबार असमको भ्रमणमा रहनेछन्। यस क्रममा प्रधानमन्त्री मोदीले विभिन्न परियोजनाहरूको शुभारम्भ गर्नेछन्। उनले गुवाहाटी र उत्तरी गुवाहाटीलाई जोड्ने ब्रह्मपुत्र नदीमा निर्माण गरिएको कुमार भास्करवर्मन सेतुको उद्घाटन गर्नेछन्।

यसपछि प्रधानमन्त्री मोदीले गुवाहाटीस्थित भारतीय व्यवस्थापन संस्थान (आईआईएम) को अस्थायी परिसरको उद्घाटन गर्नेछन् र केन्द्र सरकारद्वारा वित्तपोषित एक सय वटा विद्युतीय बसहरू राज्यलाई हस्तान्तरण गर्नेछन्। प्रधानमन्त्रीले अमिनगाउँमा हाइपरस्केल डेटा सेन्टरको पनि शुभारम्भ गर्ने कार्यक्रम छ। साथै, गुवाहाटीमा भारतीय जनता पार्टीका पदाधिकारीहरूको बैठकलाई पनि सम्बोधन गर्नेछन्।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा भएको भीषण गोलीकाण्डप्रति गहिरो दुःख व्यक्त गरेका छन्। एक सामाजिक सञ्जाल पोस्टमार्फत उनले आफ्ना प्रियजन गुमाएका परिवारहरूप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्। प्रधानमन्त्री मोदीले भनेका छन् कि यस दुःखको घडीमा पूरा देश क्यानडाका जनतासँग एकजुटताका साथ उभिएको छ।

## जीतन राम मांझी

सूक्ष्म, लघु तथा मध्यम उद्योग मन्त्री जीतन राम मांझीले आज सरकारको लक्ष्य भारतका एम एस एम ई उद्यमहरूलाई विश्व बजारसँग जोड्नु रहेको बताएका छन्। उनले नयाँ दिल्लीमा आयोजित वर्ल्ड फ्युचर्स फोरमको उद्घाटन सत्रमा हाल विश्व भारतसँग व्यापार गर्न इच्छुक रहेको उल्लेख गरे। उनले एमएसएमई क्षेत्रमा डिजिटलकरण र एआईको प्रयोगसम्बन्धी विचार प्रस्तुत गरी यस क्षेत्रलाई सशक्त बनाउन योगदान पुऱ्याएको भन्दै फोरमको प्रशंसा गरे।

मन्त्री मांझीले ग्रामीण क्षेत्रमा एमएसएमईको विकासको आवश्यकता औंल्याउँदै गाउँको विकास बिना देशको समग्र विकास सम्भव नहुने बताए। उनले ३३ करोडभन्दा बढी मानिसलाई रोजगारी दिने देशका ७५ लाखभन्दा बढी एमएसएमईहरूको पनि प्रशंसा गरे। वर्ल्ड फ्युचर्स

फोरम अमेरिकास्थित विश्व उद्यमिता विकास संगठनको द्विवार्षिक मञ्च हो, जसको आयोजना इन्डिया एसएमई फोरमले गर्दछ।

## डा. एस. जयशंकर

विदेश मन्त्री डा. एस. जयशंकरले ब्रिक्स २०२६ का शेरपाहरू तथा विभिन्न देशका प्रतिनिधिहरूसँग छलफल गरेका छन्। सामाजिक सञ्जाल पोस्टमार्फत डा. जयशंकरले ब्रिक्सले २० वर्ष पूरा गरेको अवसरमा यो संगठन अन्तर्राष्ट्रिय सहकार्य, परामर्श र समन्वयका लागि एक महत्वपूर्ण मञ्चका रूपमा स्थापित भएको र आफ्नो जनकेन्द्रित एजेन्डालाई अघि बढाइरहेको बताएका छन्।

विदेश मन्त्रीले ब्रिक्स २०२६ का प्राथमिकता—लचिलोपन, नवप्रवर्तन र दिगो विकास—अगाडि बढाउन विभिन्न प्रतिनिधिमण्डलहरूबाट प्राप्त सुझाव र विचारलाई आफूले उच्च महत्व दिएको पनि उल्लेख गरेका छन्।

## अश्विनी वैष्णव

रेल मन्त्री अश्विनी वैष्णवले केन्द्र सरकारले केन्द्रीय बजेट २०२६–२७ मा पश्चिम बंगालका लागि रेकर्ड १४ हजार २०५ करोड रुपैयाँको रेल बजेट विनियोजन गरेको बताउनुभयो। उहाँले सन् २००९ देखि २०१४ सम्मको यूपीए सरकारको कार्यकालमा राज्यको रेल बजेट मात्र ४ हजार ३०० करोड रुपैयाँ रहेको जानकारी दिनुभयो।

लोकसभाको प्रश्नकालमा उत्तर दिँदै मन्त्री वैष्णवले पश्चिम बंगालमा रेल परियोजनाका लागि आवश्यक ४ हजार ६६२ हेक्टर जमिनमध्ये हालसम्म केवल २७ प्रतिशत जमिन अधिग्रहण भएको बताउनुभयो। उहाँका अनुसार धेरै परियोजनामा जमिन अधिग्रहण प्रक्रिया अझै सुरु हुन सकेको छैन।

## धर्मेन्द्र प्रधान

शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले आज भारतको निजी स्टार्टअप कम्पनी सर्वम एआईद्वारा विकसित विश्वस्तरीय एआई मोडेलको प्रशंसा गरेका छन्। सामाजिक सञ्जाल पोस्टमार्फत मन्त्री प्रधानले सर्वमका भारतीय भाषामा केन्द्रित उत्पादनहरू बुलबुल V3 र सर्वम भिजनले प्रमुख मापदण्डहरूमा गुगल जेमिनी र च्याटजीपीटीजस्ता विश्वव्यापी दिग्गज कम्पनीहरूभन्दा पनि राम्रो प्रदर्शन गरिरहेको बताए।

उनले यी एआई उपकरणहरूले विशेषगरी भारतीय भाषाहरू र लिपिहरूमा आधारित दस्तावेजसम्बन्धी जानकारीहरूलाई भरपर्दो रूपमा समाधान गर्न सक्ने बताएका छन्।

## मन्त्री किरेन रिजिजु

केन्द्रीय संसदीय कार्य मन्त्री किरेन रिजिजुले बजेट छलफलका क्रममा लोकसभामा आधारहीन बयान दिएर सदनलाई भ्रमित गरेको आरोपमा राहुल गान्धीविरुद्ध विशेषाधिकार नोटिस ल्याइने बताउनु भयो। उहाँले प्रधानमन्त्री र मन्त्रीहरूमाथि बिना सूचना आरोप लगाइएको बताए।

यसैबीच, केन्द्रीय वाणिज्य मन्त्री पियूष गोयलले भारत–अमेरिका व्यापार सम्झौतासम्बन्धी निर्णय किसानहरूको हितलाई ध्यानमा राखेर गरिएको बताएका छन्।

## मन्त्री निर्मला सीतारमण

वित्त मन्त्री निर्मला सीतारमणले सरकारले देशमा मजबुत पूर्वाधार निर्माणमा जोड दिइरहेको बताउनुभयो। उहाँले श्रमप्रधान क्षेत्रहरू, विशेषगरी लघु तथा मध्यम उद्यमहरू (एमएसएमई) मा विशेष ध्यान दिइएको बताउनुभयो। आज लोकसभामा केन्द्रीय बजेटमाथिको बहसको जवाफ दिँदै निर्मला सीतारमणले गुणस्तरीय शिक्षा उपलब्ध गराउन केन्द्र सरकारले राज्य सरकारहरूसँग मिलेर काम गरिरहेको पनि बताउनुभयो।

## प्रतापराव जाधव

आयुष मन्त्री प्रतापराव जाधवले आज नयाँ दिल्लीमा राष्ट्रिय औषधीय वनस्पति बोर्ड (एनएमपीबी) को २५ वर्ष पूरा भएको अवसरमा आयोजित चिन्तन शिविरको उद्घाटन गरेका छन्। कार्यक्रममा सम्बोधन गर्दै मन्त्री जाधवले बोर्डले विगत २५ वर्षदेखि औषधीय वनस्पतिको विकास तथा प्रवर्द्धनमा समर्पित भएर काम गर्दै आएको बताए।

उनले एनएमपीबीले जैविक विविधता संरक्षणलाई दिगो जीविकोपार्जन र आर्थिक विकाससँग जोड्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। कार्यक्रममा मन्त्रीले एनएमपीबीको २५ वर्षे यात्रासम्बन्धी पुस्तिका तथा टेरेस गार्डेन पुस्तिका सार्वजनिक गरे। साथै, केन्द्रीय औषधीय तथा सुगन्धित वनस्पति संस्थानद्वारा विकास गरिएका विभिन्न औषधीय वनस्पतिहरू पनि सार्वजनिक गरे।

## संघ लोक सेवा आयोग

संघ लोक सेवा आयोग (यूपीएससी) ले सिभिल सेवा परीक्षा (सीएसई) २०२६ र भारतीय वन सेवा परीक्षा (आईएफओएस) २०२६ का लागि आवेदन दिएका उम्मेदवारहरूलाई आवेदन फारममा भएका त्रुटि सच्याउन एकपटकका लागि तीन दिने सुधार विन्डो खोल्ने भएको छ। आयोगका अनुसार यो सुधार विन्डो अनलाइन आवेदन प्रक्रिया बन्द भएपछि खुल्नेछ र यसको मिति तथा सुधार गर्न सकिने विवरणबारे जानकारी आयोगको वेबसाइटमार्फत पछि सार्वजनिक गरिनेछ।

## राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) ले मेघालयको पूर्व जैन्तिया हिल्समा अवैध कोइला खानीमा भएको विस्फोटमा १८ मजदुरको मृत्यु भएको घटनामा स्वतः संज्ञान लिँदै राज्य अधिकारीहरूबाट दुई हप्ताभित्र प्रतिवेदन माग गरेको छ।
आयोगले हरियाणाको गुरुग्राममा पाँच जना बालकलाई थुनामा राखिएको घटनामा पनि संज्ञान लिँदै प्रहरी आयुक्तलाई विस्तृत प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ। आयोगका अनुसार यी घटनाहरूले गम्भीर मानव अधिकार उल्लङ्घनका प्रश्न उठाउँछन्।